Composite Class	1st. Prize	Tshering Chombay
	2nd. Prize	Amber Thapa

N.S.S. VOLUNTEERS IN KALIMPONG

Prem Kumar Dahal
Ex-student

Among the many social service organisations existing in our country and doing work of public utility, the N. S. S. ranks one of them which has emerged, of late, with an avowed object of doing maximum welfare service to the community. The N.S.S. made its first appearance in the year 1969 under the sponsorship of the Ministry of Education, the Government of India. It is pre-eminently a voluntary organisation and its membership is strictly confined to the campus students only. The volunteers under the N.S.S. undertake several services of public utility viz.; sanitation, repair of roads and bridges, imparting adult education in towns and villages, vaccination, First Aid, Civil defence and so on. If I am not mistaken, the primary aim of this organisation is to eradicate illiteracy, to eliminate poverty and to inculcate in the masses the concept of cleanliness in their daily life. It is a fact to bear in mind that nearly 70% of the people of India live in the rural areas and true enough, unless the masses learn how to make their environment clean and healthy, there is every danger that they will fall victim to the various dreadful diseases and epidemics like small pox, cholera, dysentry, Tuberculosis, diptheria, tetanus, malaria, Poliomylitis etc. Quite often, these diseases if unchecked, become so rampant that they may even take the lives of millions as has often been the case in our country.

In view of all these, the main duty of the N.S.S. volunteers has been to see that the slums in the rural as well ae in urban areas are cleared and a proper living condition in the localities is created. Apart from these, the volunteers are mainly responsible for keeping the villagers alert at all times of the most dreadful diseases.

Of late, a branch of the N.S.S. has been introduced in our Kalimpong College under the supervision of Prof. Kumar Chettri. He is the sole incharge of this Organisation in this area. Under his initiative and able guidance, the N.S.S. volunteers have undertaken many useful and commendable projects like—the beautification of college compound, road cleaning and repairing and constructing roads where there were none before. Recently a group of volunteers went to Bhalukhop and helped the villagers in repairing their roads and culverts. It is gratifying to note here that some of our comrade volunteers went even as far as Tashi Ding village where they constructed roads leading to the School playground and repaired the walls of the Primary school there. The plans are underway to penetrate into the interior area of Kalimpong with the various welfare projects in the days to come. It will not be, I am sure, out of place to mention here that we the following ex-students of this Institution are engaged in teaching various subjects in the Adult Night High School, SUMI, Kalimpong, on a purely voluntary basis: Prem Kumar Dahal, Mithileswar Thakur, Bikash Priya Subba and

Kishore Chettri. Ever since we enrolled ourselves as members of this Scheme, we have been consistently helping the teachers of the SUMI Night School.

In these and several other ways the N.S.S. volunteers are truely doing noble services to the Nation to which we all honestly owe our allegiance.

Members of the School Governing Body (Madhyamik)

1.	Rt. Rev. J. E. Ghose	(President)
2.	Mr. L. P. T. Rongong	(Church Nominee)
3.	Rev. H. D. Subba	(,,)
4.	Mr. H. M. Lama	(,,)
5.	Mr. P. N. Bishwas	(,,)
6.	Mr. N. Tshering Bhutia	(Guardian's Representative)
7.	Mr. R. N. Agrawal	(—do—)
8.	Mr. R. T. Ali	(Staff Representative)
9.	Mr. B. K. Subba	(—do—)
10.	Dr. D. N. M. Rao	(Medical Practitioner)
11.	Mr. T. B. Thakuri	(Govt. Nominee)
12.	Mr. P. R. Pradhan	(Headmaster)

AD-HOC MANAGING COMMITTEE

(Higher Secondary Section)

1. Rt. Rev. J. E Ghose
2. Mr. P. R. Pradhan.

Hocus-pocus on Focus

'What's at the root of all this?'
(a Field-work by students of Agriculture Section)

Exhibits & exhibitors at the Exhibition, '77



'I lead, you follow, okay ?
Let's go !'—The raiders
(Inter-School 400 m.)

सुमाइट

कालिम्पोङ

१९७७

आमा एस० यू० एम० आई०

शुभरत्न प्रधान,
बाह्रौं श्रेणी (विज्ञान)

बाल्यावस्था तिमी कन बिताएँ तिम्रै साथमा रही ।
कैले हाँस्दै कैले रुँदै कैले दयालु भई ।
बडस्वलमा खेल्दै तिम्रो कैले रुच्चे हुन्थें ।
कैले सुझेले उफ्रो उफ्री तिम्रो दिल म घुन्थें ।

क्रमशः एक दुइ गर्दै तिमीले मलाई उकालो चढ़ाई ।
हेर्न चाहन्थ्यौ मलाई तिमीले उच्च शिखरमा चढ़ाई ।
तिम्रो सहारा पाई म पनि सजाल अघाड़ी बढ़ें ।
कठीन पथमा तिम्रो साथमा सजीले अघाड़ी बढ़ें ।

तिम्रो माया पाई आज यती अघाड़ी निस्की आएँ ।
धमीला ज्योती उज्ज्वल पार्दै तिम्रो गीत मैले गाएँ ।
बसाउने सबको जग बलियो तिम्रो माया कस्तो ।
तिमी दयालु, तिमी कृपालु मातृ माया जस्तो ।

अब त बलीयो भइसकें जननी अझै अगाड़ी बढ़्न ।
तिम्रो उत्साह पाई पाई जीवन पथमा लड़्न ।
अघाड़ी बढ़्न तत्पर म छु तिम्रो आशीष पाई ।
आशीर्वाद साथ विदा चाहन्छु प्यारो एस० यू० एम० आई० ।।

रात बितेर जान्छ

सूर्यमान सुब्बा
आठौं श्रेणी (ए)

निस्तब्ध रात बितिरहेछ...। गल्लीका कुकुरहरू भुकेका आवाजले बेला-बेलामा मौनता भंग हुन्छ । फेरि चकमन्न !

'उ' मौन लालटीनको मधुर प्रकाशमा पढ़दैछ, एकोहोरिएर उ पढ़िरहेछ पाठ्य-पुस्तक । क्षण-क्षणमा पानाहरू पल्टाएको आवाज सुनिन्छ । हो उ पाठ्य-पुस्तकका अक्षरहरूमा बेस्सरी भुलिएको छ । स्वयंलाई भुतुक्क बिर्सेको छ । उसले पाठ्य-पुस्तकको हरपहरू याद गर्दैछ ।

"रमेश, सुत् है, आधा रात बितिसक्यो ।"

रमेश झस्किन्छ, उसकी आमाको ममतामय आवाजले ।

"हुन्छ आमा, एकछिनमा सुत्छु ।"

"बेसी नपढ़, जिउ बिग्रिन्छ अनिदो भए भने ।" फेरि मौनता छरिन्छ ।

रमेश लामो निश्वास छोड़्छ ।

केही क्षणपछि फेरि उसका आँखा पुस्तकमा पर्छ । चूपचाप पढ़्छ रात बितिरहेछ ।

केही क्षणपछि सुटुक्क उसले चालै नपाई हाई...काढ़्छ । छटपटाइरहेको नयन हातले दल्छ । उसलाई साह्रै निद्रा लागिरहेछ । तर उसले जबरजस्ती पढ़िरहेछ । उसले पानाहरू पल्टाउँदैछ । पढ़दा-पढ़दै झिमिक्क आँखा बन्द हुन्छ । उ अतालिन्छ । चिसो पानीले आँखा भिजाउँछ । जागी बस्ने रहर गर्छ किनकि उसले पढ़न पर्छ रातभरि ।

रातको अन्तिम प्रहर बितिरहेछ ।

"एई रमेश !" आमाको स्वर ।

रमेश झस्किन्छ । उसको बन्द नयन उघारिन्छ ।

कोठा वरिपरि नियाल्छ । घाम छिपिसकेको हुन्छ । उज्यालो भइसकेको देखेर उ झन् अतालिन्छ ।

आज राती जहाँ बसेर जुन पुस्तक पढ़ेको थियो बिहान सम्म त्यस्तै थियो । उ पढ़दा-पढ़दै भुतुक्क निदाएको थियो आफूले थाहा नै नपाई । आजको रात याद गरेको पाठ्य-पुस्तकका विषयहरू उसले सम्झियो । सम्झिरह्यो तर उसलाई याद भएन । उसले धेरै नै भुलिसकेको थियो ।

उसले लामो श्वास फ्याँक्यो ।

उक्त पाठ्य-पुस्तकहरू पुनः पढ़्छ, तर उसलाई दिक्क लागेछ बन्द गर्छ ।

उ हतास बन्छ ।

उसको मनले भनिरहेछ उसलाई...ला... आजदेखि वार्षिक परीक्षा के गर्नु ? यादै छैन । आज रातभरी पढ़ेको बेकार भो !

उसले सम्झिन्छ.....मनै बेलामा दवाई खाँदा के हुन्छ र ?

कविको कविता

निर्मल प्रधान,
दशौं श्रेणी 'क'

तिम्रो अनुरोधमा
मेरो कविता ।
सानु अनि तुच्छ कविता
हृदयका शब्दहरू,
धड़कनका आवाजहरू,
मुस्कानका प्रतीकहरू ।

बिचार र भावनाका धाराहरू ।
जीवन र मृत्युका स्रोतहरू,
आँशु र हाँसोका अर्थहरू,
मिलन र विछोड़का अनुभवहरू ।
यहाँ अनि त्यहाँ पनि,
हिजो आज अनि भोलि पनि;
कवि यस्तै छ अनि कविता पनि ।

यो कविता कस्तो कविता,
होइन यो भावना अनि कल्पना ।
सपना हो या विपना,
फूल हो या भूल ।।

दर्द र पीड़ाका संगीतहरू,
माया र ममताका गीतहरू ।
हृदय र मुटुका प्रीतहरू,
कविताका यी स्रोतहरू ।

फोस्रो कविताका लहरहरू,
शब्द जड़ित हार बरू ।
सदा-सदा अमर छन्,
शब्द र संगीतहरू ।।

मेरो प्रश्न ममित्र

रिपेन राई,
एघारौं श्रेणी

श्मसान घाटको
एक अनुभवी, थकित
अतिथि मृतक
र
धरतीलाई रंगाई यही नै झर्ने
स्वच्छ वातावरणमा,
एक सत्य प्रेमी फूल ।
न तिम्रो हो !
न मेरो हो !
राम र लक्षमणको प्रेम जस्तै
आकाश र धरतीको
मिलन गराउने
संघर्षमयी दिन र रात
न उसको हो !
न मेरो हो !

म फूल बनें
तर तिमी काँड़ा बन्यौं ।
काँड़ा भएर मेरो रक्षा गरिले गरेनौं
यसरी.....
तिमी माथि माथि
म लम्कें, गहिराइतिर
तिम्रो कदरमा
मैले कतिपल्ट अस्तित्व गुमाएँ
तिमी काँड़ा भएर
आकाश छुन पुग्यौ ।
म फूल भएर
माटो छुन पऱ्यो
सुख तिम्रो हो
दुःख मेरो पेवा हो ।
म मित्रको 'म'
न ईश्वरको हो ।
न मेरो हो !

शिक्षक दिवसले मभित्र जन्माएको प्रतिक्रिया

बसन्त हुँमागाई

झसङ्ग—म बिउँझन्छु एका बिहानै—सपनाको मीठो सागरबाट—आमाको 'ए उठ्' शब्दहरूसितै औ बुवाको उदासपूर्ण 'खवाक्-खवाक्' खोकीको आवाजले ।

अर्द्ध निद्रामै भए पनि उठ्ने कोशिश गर्छु—अब त पूरै ब्यूँझें र पनि केही क्षणकोनिम्ति कोल्टे फर्कन्छु ।

अनायासै सझन्छु—"ला !! स्कूलको काम त डल्लै छ 'केमेस्ट्री' र 'बायोलोजी' को । के गरूँ त ??"

"होइन तँ उठेर पढ्—तैंले पढ्न पनैं दिनहरू धेरै धेरै छ । आची ! तँ किन अत्तालिन्छस् ? हेर्, तैंले आज रगतको आँसु चाट् तँ भोलि महान् बन्छस्—" एक मनले मलाई अह्राउँछ ।

"आ !!! त्यो काम त भरे 'टिफिन'-मा गर्छु । केमेस्ट्री र बायोलोजी त टिफिन पछि त छ नि ।" फेरि म बद्लन्छु ।

मलाई सझनाले टाढा टाढा डोऱ्याउँछ, म पनि हातेमालो गर्दै ती विचारहरूसँग कता-कता पुग्छु—फेरि वास्तविक स्थितिमा आइपुग्छु—फेरि दिउँसोको काम सझन थाल्छु—"ए आज त शिक्षक दिवस नि !"

मलाई विचारधाराले तीव्र गतिमा कुदाउँछ—"हो । आज त एउटा महान् दिवस, भारतीयका निम्ति ! किन र भारतीयका निम्ति मात्र ? यो त सारा विश्वका निम्ति होइन र ?"

"आ !! छोड्दे त्यस्तो विचार न सिचार । उल्लुको पठ्ठा जस्तो ।" मेरा करवट संगसगैं विचार धारा पनि बद्लन्छ ।

"आज हाम्रो स्कूलमा 'प्रोग्राम' त अवश्य छ । मैले अस्ति कता-कता सुनेको थिएँ—' 'आज दशौं श्रेणी सम्मको केटाहरूले एउटा 'पार्टी' साथै केही संगीतहरू प्रस्तुत गर्ने 'रे ।' शायद प्रोग्रामको मेलो मेसो चाहिँ 'स्कूल क्याप्टन'-को हातमा होला !

जे भए पनि 'हुकुम'-ले एउटा गीत त दिन्छै दिन्छ । 'भण्डारी'-ले सानो भाषण दिन्छ होला । 'हरि ओम'-ले के गर्छ कुन्नी ? 'शुभ'-लाई एउटा लोक-गीत गाउने अनुरोध गर्छु । गाउँछ होला । 'केशव' त हावा हो । शायद—म पनि एउटा भाषण दिने मौका पाउँछु होला ।"

अनायासै मेरो मस्तिष्कमा एक दुइ टुक्रा भाषनहरू खेल्छ—जसलाई बढ़ाउने कोशिश गर्छु—'यदि दिउँसो मौका पाएँ भने त बोल्नु पर्ला !! मेरो मस्तिष्कमा आशाले जरा गाड्छ ।'

म कल्पना गर्छु मभित्रै दिउँसो स्कूलको अघाड़ि भाषण दिएको—

"उपस्थित प्रधान अध्यापक, शिक्षकगण तथा मित्रवर्ग.....

शिक्षक दिवस के हो ? यो विषयमा अघि नै अरू साथीहरूले भनिसके—तर म पनि एक दुइ कुरा जनाउन चाहन्छु शिक्षक एवं शिक्षक दिवस प्रति ।

"यो कुरा सबैलाई थाहा छ, आज शिक्षक दिवस भनेर । यस दिनको संझनाले भारतका ठूला व्यक्ति 'डा राधाकृष्णन'-को संझना गराउँछ । कारण आजको यो जुन दिवस

मनाइरहेका छौं त्यो उनैको जन्म-जयन्ती मनाउँदै आएको हो ।"

शायद जोशले होला—म सुती-सुती भए पनि एक-दुइ शब्दहरू जोड़ले बोलिदिन्छु ।

"शिक्षक भन्ने वस्तु त्यो हो जसले एउटा बालकको अन्धकार भविष्यलाई उज्यालो बनाइ-दिन्छ । जसरी एउटा लहरालाई उँभो चढ्नु एउटा स्थिर वस्तुको सहायता चाहिन्छ त्यसरी नै एउटा छात्रलाई पनि आफ्नो जीवन संग्राममा लड़ाइँ गर्न कसैको सहायता लिनुपर्छ । जीवन संग्राममा जुन व्यक्तिको सहायता लिइन्छ त्यस व्यक्तिलाई गुरु अथवा शिक्षक भनिन्छ ।"

पटाक .... पुटुक.....आवाज आउँछ मेरो कानमा । त्यस समय म तन्द्रावस्थाको मीठो लहरमा झुमझुम् भएको हुन्छु—तर लाग्छ मलाई शायद भाषणको प्रभाव परेर एक-दुइ जना व्यक्तिहरूले ताली मारेको । तर वास्तवमा रहेछ—आमाले छेउको दाउराको थुप्रोबाट सिटा भाँचेको ।

फेरि त्यही भाषणमै पुग्छु—"आमा-बाबुले त केवल हामीलाई जन्म मात्र दिन्छ जीवन उज्यालो अर्को एउटा तेस्रो व्यक्तिबाट हुन्छ जसलाई शिक्षक भनिन्छ । शिक्षकले कुनै पनि एउटा मानिसलाई जन्मदेखि मरेसम्मको समय सम्म साथ दिएको हुन्छ चाहे त्यो शिक्षक भौतिक होस् वा प्राकृतिक । त्यसैले नै भनिएको होला—

गुरु ब्रह्मा, गुरु विष्णु, गुरु देव महेश्वर,
गुरु साक्षात् परम् ब्रह्मा तस्मै श्री गुरुवे नमः ।

यो त वर्तमान युग हो जहाँ प्राचीन कालको जस्तो गुरुको घरमा गएर शिक्षा हासिल गर्नुपर्दैन । हाम्रो समाजमा कुनै पनि एउटा ठाउँमा चार दीवारले छेकेको औ छाना लाएको ठाउँमा पढ्ने अनि पढ़ाउने काम हुन्छ । त्यही ठाउँमा कुनै पनि एउटा व्यक्तिको चरित्र निर्माण हुन्छ—चाहे भविष्यमा त्यो चोर डाकु नै किन नबनोस् ।

भोलिको देशको महान् व्यक्ति-आज स्कूलको बेञ्चो तताइरहेको हुन्छ—तसर्थ जब आज त्यस बालकको असल रूपमा चरित्र बनिन्छ तब त्यसले भविष्यमा अरूलाई पनि असल पथमा डोऱ्याउँछ ।"

"तब त गान्धीजीले भनेका होलान्—" ..... the exercise of the spirit entirely depended upon the life and character of teacher.' एउटा शिक्षक नै आत्मविश्वासहीन, चरित्रहीन औ घमण्डी छ भने छात्रको चरित्र निर्माण कसरी हुन्छ—शायद यस्तै प्रसङ्गमा गान्धीले फेरि अर्को ठाउँमा भनेका होलान्—"A cowardly teacher would never succeed in making his boys valiant and a stranger to self-restraint, could never teach his pupils the value of self-restraint." (Mahatma as a School-Master.)

अहिले म खुब जोड़ले लातले पलंगको खुट्टामा दिन्छु—मेरो अनुहार एवं नशा-नशामा खुन चढ़ेको अनुभूति मलाई हुन्छ । शायद जोशले होला अनुहार पनि कुच्याक्-कुचुक पारेर हात पनि हल्लाई हाल्छु ।

पल्लोपट्टि कोठामा गडयाम्म..... आवाज आउँछ शायद दाउरा लड़ेको होला ।

म फेरि उही कल्पनाको उच्चाकाशमा पुग्छु—"यो त प्राचीन समय होइन जहा एउटा शिक्षकले पूर्ण रूपले आफ्ना छात्रहरूलाई शिक्षा दिन पाउँथे । तर यो त वर्तमान युग हो

जहाँ शिक्षकले पनि अर्काको निम्ति मर्न सक्दैनन् । आज त, शिक्षकले जीवनको केही क्षण मात्र त्यस व्यक्तिलाई शिक्षा दिन सक्छ—तर त्यो केही क्षण भित्रैमा—एउटा बाँदरले पनि सिग्रेट खानु र साइकल चढ़नु सिक्छ—यदि राम्रो शिक्षक पायो भने ।

एउटा असल शिक्षकको काम हुनजान्छ—दुइवटा सिन्का जस्तो हात, चिम्टा जस्तो खुट्टा, रामभेड़ा जस्तो टल्कने आँखा औ एक चम्ची गिद्दी भएको हामीजस्तो प्राणीलाई मान्छेको रूप दिनु । तसर्थ म मेरो आन्तरिक हृदयबाट त्यस्ता शिक्षकहरूलाई आह्वान गर्छु—जसले हाम्रो रामभेड़ा जस्तो आँखा उघारी दिन सक्छन् ।"

मेरो भाषण चरम उत्कर्षमा पुग्छ । अनुहार-मा मेरा हातहरू पुग्छन्—पसिनै पसिना भएको पाउँछु—शायद सिरकको तातोले पो हो कि । अन्तिम पल्ट जोश चल्छ—म भाषणको अन्त-तिर लाग्छु—

"अन्तमा गुँड़ बेसी खायो भने तितो हुन्छ—त्यस्तै एकै जनाले बोलिरहँदा वातावरण खल्लो बन्न जान्छ—तसर्थ म मेरो वक्तव्य यहीं समाप्त गर्छु....।"

म कल्पना गर्छु लामो हाइ काढ़ेर—स्टेज देखि अघाड़िका एक दुइवटा 'बर-पीपल' एवं 'पैयुं'-का रूखहरूले मकै भुटेको जस्तो पट्याक्.....पुटुक ताली मारेको । अँ...मेरो कानमा कता-कता ताली बजेको आवाज आउँछ । म झस्कें तन्द्रावस्थादेखि—आमाले नाङ्लो केलाएको आवाज रहेछ ।

✪ ✪ ✪

बल्...बल्ल निद्राले छोड़्यो.....मेरा सब भाषणहरू भताभुङ्ग हुन्छ—तन्द्रावस्थामा पनि—वास्तविक खेलको मैदानमा पनि । माथि आएको घामको किरणले उज्यालो दिइरहेथ्यो ..... एउटा गुरुले जस्तो मलाई बाटो देखाइरहेथ्यो ।

✪ ✪ ✪

टङ्..टङ्...टङ्.....नौ बजे बाजेले घण्टी ठोक्छ । "केशव डेलो जौं !" म सोच्छु । "के खोज्नु जानु त्यो पाखामा ?" उत्तर पाउँछु र पनि दिलीप, अगो, अरुण, राजेन, पासङ र म लाग्छौं उकालै-उकालो डेलोतिर ।

डेलोको वक्षस्थलमा झल्यांस्स म संझन्छु ती पारी-पारीका डाँड़ा, खोल्सा, पहाड़, रूख-हरू एवं त्यही डेलोको वातावरणहरू हेरेर औ शिक्षक दिवसकै कल्पना गरेर । शायद यही प्रकृति नै त होला—वास्तविक शिक्षक ।

यस्तैमा 'अगो'-ले भन्छन्—"साथी हो, तल हेर, के राम्रो रूख.....आर्ट गरूँ गरूँ लाग्ने ।" हो प्रकृतिले नै आर्ट गर्नु सिकाउँछ । आइफलको रूख नभई दिएको भए शायद 'निउटन' पनि 'निउटन' हुने थिएन होला । प्रकृति नभएको भए यो विश्व कस्तो हुन्थ्यो होला ?? प्रकृति शिक्षक नभएको भए यो विश्व कस्तो हुन्थ्यो होला ?? प्रकृति शिक्षक हो जसको पूजा आज हामीहरू गरिरहेछौं ।"

फेरि झल्यौं ओह्रालै-ओह्रालो—'निमा वाङ्दो' सरको घरमा रोटी खाएर । साथीहरू सँग छुट्टिएर म पनि लाग्छु—घरतिर एक्लै मनमा कुरा खेलिरहेथ्यो, खुट्टाहरू अगाड़ि बढ़दै थिए बाटो छोटिँदै जाँदै थियो.....।

म एकलै हुन चाहन्न

अरूण राई,
बाह्रौं श्रेणी (विज्ञान विभाग)

एकलास एकलास स्थानहरू भएर,
एकलै एकलै,
कता हो कता,
ती लक्ष्यविहीन समीरहरूका साथ,
जाँदैछु म,
उद्देश्य विहीन भई ।
पूर्णीमाको जुनेली रातमा,
मेरो कालो छाँया,
मेरो साथ हिँड्दैछ,
मेरो प्रत्येक पाइला पछ्याउँदै,
मलाई त लाग्छ,
पूर्णीमाको शशी पनि,
मलाई नै पछ्याउँदैछे ।
म आफै अवाक् हुन्छु,
रातको निस्तब्धतालाई तोड़ेर,
कराउन मन लाग्छ; चिच्याउन मन लाग्छ,
भन्न मन लाग्छ,
ए पूर्णेको शशी मेरो साथ छोड़ीदे,
ए कालो छाँया मलाई छोड़ीदे,
म एकलै रहन चाहन्छु,
म एकलै बन्न चाहन्छु,
मलाई कसैको साथ चाहिएन ।

यसरी सप्ताह बित्छ,
साथै पक्ष पनि बित्छ,
म खुशी हुन्छु,
म आनन्दले विभोर हुन्छु,
मलाई हाँस्न मन लाग्छ,
सबैलाई केही भन्न मन लाग्छ,
आज अमावश्यको रात,
शशी अटल छिन्,
खोइ त्यो शशीको रश्मी,
खोइ मेरो छाँया,
कहाँ हराए ती आज,
मलाई किन पछ्याउँदैनन् !
मलाई लाग्छ
ती सब मदेखि डराई भागे
तर फेरि समयले पल्टो खान्छ
औ म फेरि शशी औ छायाँको
बन्धनबाट फुत्कन चाहन्छु
यसरी आज धेरै वर्षहरू बितीसके
तरै पनि यो चक्र घुमिरहेकै छ
अहिले मर्खरै मात्र,

जीवनको वास्तविक अर्थ बुझें
यसैले त म एकलै हुन चाहन्न
मलाई शशी पनि चाहिन्छ
मलाई अमावश्यको रात पनि चाहिन्छ
मलाई मेरो छाँया पनि चाहिन्छ
कारण म एकलै हुन चाहन्न
म एकलै रहन्न चाहन्न
मलाई सबैको साथ चाहिन्छ !!

न्यायमूर्ति श्री सुधीरञ्जन दास

प्रबोध प्रिय सुब्बा,
आठौं श्रेणी (ए)

न्यायमूर्ति सुधीरञ्जन दासको जन्म १ अक्टोबर १८९४ को दिन कलकत्तामा भएको थियो । उहाँका पिताको नाम राखलचन्द्रदास औ माताको बिमोदिनी दास थियो । उहाँले आफ्नो शिक्षण क्रम शान्तिनिकेतनबाट शुरू गर्नुभयो औ १९१५ सालमा कलकत्ता विश्वविद्यालयको स्नातक भए । त्यसपछि बेलायत गईकन कानूनी शिक्षा लिए र सफलतापूर्वक आफ्नो अध्ययन समाप्त गरी स्वदेश फर्के र कलकत्ता न्याय-पालिकामा कानून अभ्यास गर्न थाले । १९४२ सालमा उनी कलकत्ता उच्च न्यायालयका अतिरिक्त न्यायधीश बने १९४६ मा पूर्वी पंजाब उच्च न्यायालयका प्रधान बने औ केही पछि भारतका सर्वोच्च न्यायालयको उनी न्यायाधीश बने। १९५६ सालमा त्यही न्यायालयको सर्वोच्च न्यायाधीश बने औ १९५९ मा अवकाश ग्रहण गरे। न्यायमूर्ति श्री सुधीरञ्जन दास विश्वभारती विश्वविद्यालयका उपकूलपति पनि बने। उहाँ-लाई विभिन्न विश्वविद्यालयहरूले मानद डाक्टरेटका उपाधि प्रदान गरे। पंजाबका मुख्य मंत्री सरदार प्रताप सिंह कैरोंको हत्याकाण्डको जाँच आयोगका एकमात्र सदस्य थिए औ सरकारमा आफ्नो प्रतिवेदन चढ़ाए । श्री सुधीरञ्जन दासको हाम्रो पाठशालासित बड़ो गहिरो सम्बन्ध थियो। हाम्रा स्कूलका कतिपय महत्वपूर्ण उत्सवमा उपस्थित भई उत्सवको शोभा बढ़ाउनु हुन्थ्यो ।

पोहोर साल मात्र बनमहोत्सवको शुभ-उपलक्ष्यमा आइकन हाम्रो पाठशालाको प्रांगणमा वृक्ष आरोपण गर्नु भएको थियो । उहाँको दुइ भाई छोरा थिए—एक भाई भारतीय वायुसेनाको 'टेस्ट पाइलट' हुनुहुन्थ्यो जसको मृत्यु वायुयान दुर्घटनामा भयो। उहाँका अर्को छोरोको पनि सड़क दुर्घटनामा दुःखद मृत्यु भएको थियो ।

उहाँको घर कालिम्पोङमा छ जहाँ उहाँले आफ्ना अवकाशका दिनहरू बिताइरहनु भएको थियो । यस्ता महान विभुतिका निधन शुक्रबार १६ सितम्बर १९७७ को दिन कलकत्तामा भयो। हाम्रा पाठशालाले पनि उहाँको निधनमा शोक सभा गरी उहाँको दिवंगत आत्माको निम्ति प्रार्थना गरे ।

कृतज्ञता

प्रकाश चन्द्र राई,
बाह्रौं श्रेणी (विज्ञान)

१। आएका छौं तिम्रो चरणमा
श्रद्धाञ्जलिको फूल वर्षाउँदै
ईच्छा सदैव यस धरतीमा
बाँच तिमो नाऊँ चलाउँदै ॥

२। आएर्यौं तिम्रो चरणमा
दियौ शरण हामीलाई
मरी बिद्या श्रोत हामीमा ।
बनायौ तेज हामीलाई ॥

३। सत्यको महान् ज्योतिलाई
नित्य अपनाउन सिकायौ
असत्यको त्यो जाललाई
दुत्कार्न क्षमता दिलायौ ॥

४। छात्र जीवनको महत्व सम्झाई
अघि बढ्ने प्रेरणा दियौ
भविष्यको स्वर्णिम सपनालाई
यथार्थ पार्ने होसला दियौ ॥

५। प्रांगणमा तिम्रै नित खेली
कक्षमा तिम्रै नित बसी
तिम्रै प्रेम रस्वादन गरी
हुर्क्यौं तिम्रो समीप रही ॥

६। जीवन रूपी कठीन पथमा
संघर्ष गर्ने प्रेरणा दिई
नवजात शिशुको मार्गदर्शनमा
प्राण दिने माता भई ॥

आजको स्थिति

सोनाम ग्याल्छेन लक्सम,
बाह्रौं श्रेणी (विज्ञान)

चारै दिशा तर्फ
गिद्धका आँखाले
सबै
स्वार्थ खोजिरहेका छन्
यो युगमा
आज
छैन
थाहा कसैलाई
आफै आफ्नै धुनमा
मस्त—
हाँसिरहेछन्,
रोईरहेछन्
अनुशासनलाई त्यागी
बढ्ाईरहेछन्
पाइला
कुन दिशातिर ?
भ्रष्टाचार
देशमा,
बिरोधको भावना
समाजमा
चलिआएको
आफ्नो परम्परा
छाडी
बिदेशी लिई सके ।
डर छैन
कर्तव्य छैन
भूली आफ्नो कर्तव्यलाई
नगर्नु पर्ने
कर्ममा
हाले पाइला
यहाँ सम्म पुगेको छ,
आजको स्थिति ॥

सुमाइट

रवि

माधव रिजाल
बाह्रौं श्रेणी (विज्ञान)

टंटलापुर घामले कालिम्पोङ्ग बजार अस्त-व्यस्त छ । प्रत्येक पथिकको अनुहारमा आलस्यपन लुकेर बसेको छ। प्रत्येक व्यापारी-हरू हाई काड्दैछन ।

हाट बजार पनि प्रायः सुनसान छ एकदुइ जना मान्छे फटयाक फुटुक हिँड़को भने देखिन्छ। दुइजना व्यापारी बात मारिरहेका छन् ।

"हैन यो साल त के भएको पानी पनि पटक ओइरिंदैन । खड़ेरो परेर खपिसक्नु छैन । खोई यस्तै चाला हो भने यो हाम्रो मानामुठी, हात जोड़ने व्यापार पनि चल्दैन जस्तो छ ।"

"हो नी दाज्यू के भन्नु र अलच्छीनी पानीले गर्नु गऱ्यो । ओइरियो भने अड़िने नाम लिंदैन, परेन भने यस्तो छ, खोई म त केही भन्न सकिदनँ ।"

"अँ भाई, एउटा सल्लाह गरौं भनेको । कुरो के भने यो हाम्रो छोरो रिट्ठेलाई माथि जगन्नाथ मालिककोमा राखिदिऊँ भनेको । आफ्नो पेट पनि पाल्ने मालिकको जहान पनि त धेर छैन नी दुइजना मालिक-मालिकनी अनि एक मात्र छोरो श्याम, त्यै श्याम नानी पनि दिउँसो स्कूल जान्छन् रे तीन जनाको जुठो भाँड़ो पनि गरिहाल्छ समय पाएको वेला श्याम नानीले यसो साउँ अक्षर सिकाइदिए भने पनि के खोज्नु। कि कसो ?"

"मलाई त साँच्चै घत लाग्यो दाज्यू, साह्रै राम्रो विचार्नु भएको रहेछ, खोइ रिट्ठे-लाई घरमा राखेर पनि के फाइदा छ र ? केही फाइदा छैन, म त भन्छु माथि मालिक कहाँ राखिदिनु भयो भने रिट्ठे सुधिन्छ, पक्का सुधिन्छ, खोइ आफ्नो त कर्म नै खोटो भगवान्ले एउटा पनि छोराको मुख देखन दिएनन् । "ए, नानी !" श्याम बाबु, तपाईं के लिन आउनु भयो नी ?" श्यामलाई देखेर रिट्ठेका बाबुले भन्यो ।

"सब्जी लिनु आएको, कोबी तौल त एक किलो ।" तौली सक्नेको कोबी झोलामा हालेर श्याम हिँड़्यो । पछिबाट रिट्ठेका बाबुले भन्यो—"नानी भरे म पनि रिट्ठेलाई लिएर उँभो आउँ भनेको बुवासित बात भएको थियो, बुवा त घरै हुनुहुन्छ होला नी !" स्वीका-रात्मक टाउको हलाएर श्याम उकालो लाग्यो ।

श्याम अहिले उकालो पनि काटिसकेको थिएन, त्यहीं १५/१६ वर्षको उ जत्रै एउटा माँग्ने केटो उसको अगाड़ि हात फैलाउँदै "दाज्यू दश पैसा, दस पैसा भनेर आइपुग्यो । श्यामले पुलुक्क हेऱ्यो । त्यो लुगा, त्यो जीउ, त्यो हात-गोडा, त्यो दशा देखेर उ पनि दुःखित भयो, खल्ती छाम्यो पैसा त थिएन नै, श्यामले केही विचार गरेर त्यो केटालाई भन्यो—

'मेरो घर जान्छौ ?'

"कहाँ दाज्यू ?"

"चमचस्ती त हो नी, हिँड, भएछ भने बुवालाई भनेर हाम्रै घरमा बस्ने बन्दोबस्त गर्नुपर्छ । अलि अलि काम गर्न त सक्नुपर्ने, सक्छौ होलानी !"

"गरिन्छ नै काम त ..।"

"नाम के हो तिम्रो ?"

"रवि....."

"बाबु-आमा छैनन् ?"

"अहं.....मरे !"

"कति भयो मरेको ?"

"बाबु मरेको ४ वर्ष भयो, आमा त हिजो अस्ति.....।"

"सिग्रेट बिँडी खाने बानी छ ।"

"सिग्रेट बिँडी त खान्न तर.. तर..."

"तर के ?" श्यामले सोध्यो ।

"दाज्यू, तपाईं रिसाउनु हुन्न म एक कुरा भनूँ ?"

"भनन किन रिसाउनु !"

"दाज्यू, कुरा के भने म...म रक्सी खान्छु । के गर्नु दाज्यू दिनभरि माग्दा-माग्दा घाँटी सुक्छ । त्यही दिन भरिमा २ रुपियाँ जस्तो हुन्छ । अरूथोक खाउँ भने पेट नभरिने, फेरि यही चीसो गल्लीमा सुत्नुपर्छ रातभरी । बरू...बरू दाज्यू, रक्सी पिएरै यो लामो रात, यो भोक, यो दुनियाँलाई विर्सन सकिन्छ ।"

"अब हाम्रोमा गएपछि त रक्सी खानु हुँदैन नी बुझ्यौ ?" बात मार्दै-मार्दै श्याम र रवि घर आइपुगे । श्यामको साथमा एउटा अपरिचित झुत्रो केटालाई देखेर जगन्नाथले सोधे—

"यो कसलाई लिएर आइस् ?"

"बुवा तपाईं अघि घरमा काम गर्ने मान्छे भन्दै हुनुहुन्थ्यो त्यही लिएर आएको।"

"हं मैले त रिट्ठेको कुरा उसको बाबुसित गरेको थिएँ त्यो पनि भरै आइपुग्छ होला, तैंले यसलाई लिएर आइस् ?"

भित्रबाट घरपत्नी कराउँदै आइन् "कसलाई ल्यायो यो श्यामेले ? पर्दैन-पर्दैन कसैको खाँचो छैन भरै रिट्ठे आउँछ । अघि कुरा गरेको सुन्दा सुन्दै तैंले यसलाई लिएर आइस् ?" रवितिर हेरेर भनिन् । "नानी जाऊ है, पर्दैन । हामीले अर्कैलाई बोलाएका छौं । यो श्यामे बिच्चामा भए भरका मान्छे उठाएर ल्याउँछ, बुद्धि छैन ! जाऊ नानी जाऊ, कहाँ बस्छौ के काम गर्छौ ?"

रवि ट्वाँ परेर हेरेको हेरै भयो उसको जलेको हृदय, जागृत आशा जाग्न लागेको मनको दीयो, जल्यो, निरासियो, झ्याप्प भयो ।

मुटुको धडकनको साथ-साथै उसले उसका पाइला साऱ्यो उही अघि आएको बाटोमा । एकपल्ट पुलुक्क श्यामलाई हेऱ्यो श्याम उसैलाई हेरिरहेको थियो ।

श्याम बिचरा हेरिरह्यो ? के गरोस् ? रवि हिँड़ी सकेको थियो उसले उसको प्यारो रविलाई एक मुठी चामल पनि दिन सकेन । चामल त के उसले उसको १० पैसाको मांग पनि पुरा गरिदिन सकेन बरू उसको १ रुपियाँको आधा दिन नै नष्ट गरिदियो ।

त्यहीरात घर छोड़ेर जाने श्यामले अठोट गरेको थियो । एकछिनको एउटा भिखारीको दशाले श्यामलाई मर्माहत बनाएको थियो, के अचम्म, कस्तो आश्चर्य ? उ नाना थरिका विचार सोच्न थाल्यो, उसको मन भनिरहेथ्यो—

"मलाई जुन कुरामा विश्वास, प्रेम श्रद्धा र भक्ति छ, त्यो जति नै ठूलो काम किन नहोस्, त्यसलाई निरन्तर प्रयत्न गर्नु छ निरास

त मान्छेले हुनुपर्छ नै तर त्यसलाई हल गर्नु नै आजको युगको मांग हो ।"

श्याम हिँड्यो त्यही गल्लीमा जहाँ प्रत्येक रात प्रत्येक भिखारी रक्सीले जोउने कोशिप गरिरहेछन् ।

रविलाई कुनामा टुक्रुक्क बसेको देखेर श्याम पनि विस्तारै त्यतै लाग्यो ।

फेरि दुई साथी भेटे । रविले श्यामलाई घर जाने ठूलो अनुरोध गऱ्यो । अन्तमा केही सीप नलागेर श्यामले घर फर्कने वचन दियो । दुवैजना केही क्षण गफ-गाफमा मुग्ध भए ।

"तपाईंको नाउँ के हो, दाज्यू ।"

"श्याम !"

"श्याम दाज्यू, एउटा कुरा भनौं, तपाईंलाई जीवनमा पछि के गर्ने उद्देश्य छ ?"

"मेरो धुकधुकी जैलेसम्म रहला तबसम्म यो निस्सार दुनियाँमा गरीब दुःखीहरूलाई हँसाउनु नै मेरो महान् उद्देश्य छ, चाहे तिनीहरूलाई हँसाउदा मैले रुनु नै किन नपरोस् ।"

"तपाईंलाई सबैभन्दा राम्रो के चीज लाग्छ, श्याम दाज्यू ?"

"दुनियाँमा मलाई सबै भन्दा राम्रो ८० वर्ष माथिका बूढ़ाको हँसाई र १० वर्ष मुनिका बालकको हँसाई लाग्छ किनकि एकमा जीवनको सम्पूर्ण व्यथा र अर्कोमा स्वर्ग लुकेको हुन्छ ।"

"श्याम दाज्यू, तपाईं त कस्तो नबुझने कुरा मात्र गर्नु हुन्छ मलाई त सबै भन्दा राम्रो एक भुँड़ी भात लाग्छ अनि यति भनेर रवि हाँस्यो । श्याम पनि हाँस्यो । केहीक्षण पछि श्याम उठेर जान तयार भयो । रवि श्यामलाई पुऱ्याउन अलिक वर सम्म आयो ।

छुट्टिने बेलामा श्यामले दशको नोट खल्ती-बाट झिकेर रविको हातमा राख्यो । रविले हिचकिचाउँदै त्यो रकम ग्रहण गऱ्यो ।

श्याम खुशी हुँदै घर गयो । विचरा श्याम, के थाहा उसलाई, हामीलाई नै के थाहा भोलि के हुन्छ ? बादल लाग्छ या घाम, या हिउँ पर्छ या खड़ेरी ।

भोलि पल्ट—

घामको ज्योतिले कालिम्पोङ बजार नै रंगिएको थियो । विस्तार-विस्तार प्रत्येक घर दोकान खोलिन थाले । रवि अझ सुतिरहेछ बेफिक्रि, बेपरवाह ।

श्यामले दिएको १० को नोट पाएर नै उ यति अबेला सम्म सुतेको थियो । आज उसलाई कसैको वास्ता थिएन । सधैंका उसका साथीहरू उही पुरानो आवाज 'मालिक दश पैसा, दश पैसा' भन्दै हिंड़न लागे तर उसलाई वास्ता छैन । सुतिरहेछ सुतिरहेछ ।

भरे कसैले उठाउँदा मात्र रविले थाहा पायो १० बजिसकेको रहेछ । खल्तीमा हात हालेर १० को नोट जाँच्यो ठिकै रहेछ । भोको पेट सुमसुम्याउँदै रवि उठ्यो ।

रक्सी पसलमा गएर बस्यो अनि रक्सी पिउन थाल्यो । आफूलाई विर्सन अरू उपाय नै उ सँग के थियो र ? बिस्तारै लरखरिँदै दुनमुनिँदै रवि उठ्यो दशको नोट पसलेलाई दिएर । उ त्यो विवस जिन्दगी जीउन सक्ने पसलबाट निस्क्यो । रविका खुट्टा ठीक बाटोमा थिएनन्, रविको टाउको लत्रिएको थियो कुन्नी के-के गुन्गुनाउँदै उ हिंड़िरहेथ्यो, हिंड़िरहेथ्यो ।

Independence Day Celebration, 1977



Arrayed for the Celebration !



St. John's Ambulance, SUMI Unit 1977.



Black-White on the move

त्यहाँ उसको लागि कोही ठूला बड़ा मान्छे थिएन, उसको लागि लाज शरम केही थिएन, थियो त केवल उ अनि पेट भित्रको रक्सी—त्यही रक्सी। पेटभित्र उम्लेको आवाज जस्तो उ मुखबाट कोनी के-के भकभक गर्दै थियो। उ गइरहेथ्यो गइरहेथ्यो। रवि एक्लै सुनसानमा पुग्यो र पनि गइरह्यो। यता लडथ्यो, उता ठोकियो, उता खस्यो अझै गइरहेछ गइरहेछ! अन्धाधुनमा रविले त्यो भीर केही देखेन, बड़बड़ाउदै रवि जाँदै थियो भीरबाट खस्यो। भीरबाट खस्न लाग्दा आफू खस्न लागेको याद भएर या अतालिएर उसका केही शब्द जोड़ले सुनिये।

उ.....मेरो.....श्याम...! तैले...मलाई .....कि.....किन यति.....माया.....गरेको? रवि गयो, सबैंको लागि गयो। त्यो एकलास सुनसान जगहमा एउटा भिखारी मरेको ७ दिन पछि मात्र थाहा भयो।

आइतबारको दिन—

श्याम झोला बोकेर बजार आउँदै थियो घुम्तीमा आइपुग्दा श्याम टक्क अड़ियो। उँधो तिरबाट एउटा लास त्याईँदै थियो। अचम्म लाग्यो श्यामलाई मलामी जति सबै बुत्रे झुत्रे भिखारीहरू मात्र देखेर! श्यामले छेउमा गएर लासको बारे सोवपृछ गऱ्यो लास रविको रहेछ। श्यामको हातबाट झोला झऱ्यो मुख सुक्यो, एकछिन सारा विश्व नै उसको लागि अँध्यारो भयो।

श्याम गुनगुनाउँदै थियो "हैन-हैन यो मेरो रवि हैन अरू कोही होला! के यो मैरै रविको लास हो हिजोकै रविको लास हो?"

अलिक पर कोही मनिरहेथ्यो। "कहाँ-बाट पैसा चोऱ्यो कि के गऱ्यो सक्दो रक्सी धोकेछ अनि के सुही रक्सी पिएपछि।

श्यामले सबै कुरा बुझ्यो हिजोको उसको हातबाट दिएको १० को नोटले नै उसको रविको हत्या गरेको रहेछ। श्यामले विस्तारै झोला टिप्यो एकपल्ट घामतिर हेऱ्यो। आकाशका रवि पनि अस्ताउन लागेका रहेछन् फेरि रविलाई लगेको बाटो हेऱ्यो लास अर्को घुम्ती पारी पुगीसकेको थियो। श्यामले मलामीको अन्तिम को मान्छेलाई हेऱ्यो उही रवि जस्तै बुत्रो झाम्रो, दुब्लो उसलाई पनि उही अलिकति रक्सी त होला आफ्नो जीवन जीउनलाई।

श्याम हाट बजारतिर लाग्यो आज उसको जीवनको उसको प्यारो एउटा रवि अस्ताएको थियो।

अस्ताइसकेको थियो।

—xxx—

नल राजाको दरबार

लालमान लामाखोर,
दशौं श्रेणी

डुवर्सका जंगलहरूमध्ये चिल्हरपाटा र जलदापाड़ा निकै नै प्रसिद्ध छन् । जंगल अत्यन्तै घनघोर भएकोले यहाँ नाना थरीका जानवरहरू पाइन्छन् ।

चिल्हरपाटा घनघोर जंगलभित्र एउटा अचम्मको स्थान छ । त्यो चाहिं एउटा पुरानो भग्नावशेष जसलाई मानिसहरू नलराजाको दरबार भनी विश्वास गर्छन् । आज त्यो दरबारको केवल खण्डहर मात्र देखिन्छ अनि यो खण्डहरको नजिकै एउटा ठूलो पोखरी पनि स्थित छ । यो पोखरी कम-से-कम २० गज जति लामो अनि १० गज जति चौड़ा छ । यो पोखरी दरबारको पश्चिमपट्टि देखिन्छ । पूर्वपट्टि एउटा अचम्मको चीज के छ भने शिला भएको ठूलो बक्साकारको स्थान ! भारत सरकारले त्यहाँ खण्डहर छ भनी चाल पाए । यो खण्डहर भेटेको केही दिन पश्चात् पुरातत्ववेत्ताहरू आएर जाँच गर्दा, खण्डहरको भित्र गाड़धन छ भनी अनुमान लगाए । पुलिसको संरक्षणमा उत्खनन काय शुरू गरियो उक्त स्थान खन्दा-खन्दै फेरि अर्को जगहतिर खन्नु आदेश भयो । गाड़धन छ भन्ने पूर्ण अनुमान लगाई त्यो गाड़धन खन्दै गर्दागर्दै अर्को जगहतिर सरेको हुनाले त्यो गाड़धन निकाल्न सकेन । यसले प्रमाणित हुन्छ त्यहाँ सत्य लुकेको छ ।

खण्डहरू इंटाले बनिएको छ । त्यो कुन युगदेखिको इंटा हो, अहिलेको नयाँ इंटासित तुलना गर्यौं भने त्यो पुरानो इंटा नै पक्का देखिन्छ । आज यसैले थाहा हुन्छ, त्यो समयको मानिसहरूसित पनि कला, सीप, ज्ञान थियो । यो किम्बदन्तिको आधारमा त्यस क्षेत्रमा नल राजा जीवित छन् ।

फेरि बिहानी हुन्छ

शिवकुमार थोकी
एघारौं श्रेणी

दिन ढलेर जान्छ...तर...
त्यहाँ फेरि रातको सृष्टि हुन्छ,
रातको सम्झनामा बाँच्दा बाँच्दै
फेरि उज्यालोले अंगाल्न खोज्छ ।

हिजोको कोपिला फूल,
आज फक्रो फुली सक्यो,
युवावस्थामा पुगी सक्दा
फेरि बुढ़ेसकालले छोपी दियो ।

हिजको भाषा र जाति,
आज उन्नतिपथमा लागिसक्यो,
एउटै खून भएका दाज्यू-भाई,
चन्द्रमामा पुगी सक्यो ।

एस० यू० एम० आई०
कालिम्पोङ
२२९७७

प्रिय मित्र

धेरै महीना बाद तिम्रो याद आयो र यहाँको वर्णन गर्दै यो पत्र तिमीलाई लेख्दै छु । कालिम्पोङमा एउटा प्रसिद्ध स्मारक छ त्यो हो 'त्रिकोण पार्क' । त्रिकोण पार्क कालिम्पोङको एउटा प्रसिद्ध स्मारक बन्न गएको छ । यो स्मारक विशेष गरी तीन पुरुषको नाउँसित सम्बन्धित छ । ती तीनै व्यक्तिहरू यही कालिम्पोङको स्वच्छ जलवायुमा हुर्केका थिए । यी तीन व्यक्तिहरू हुन् –(१) नर्बु लामा (२) हाङ्गजीत सुब्बा र (३) नर्बु छिरीङ्ग । यिनीहरूमध्ये दुइ जना हाम्रा पाठशालाका छात्रहरू थिए ।

सन् १९५९ सालमा जब चीनियाँहरूले हाम्रो देशको सीमान्तर क्षेत्र लदाकमाथि अतिक्रमण गरे त्यसबेला यी बीर पुरुषहरूले आफ्नो प्राणको केही वास्ता नराखी, आफ्नी जननी जन्मभूमिको रक्षार्थ प्राणसमेत अर्पण गरे । यो ठूलो कृत्यको निम्ति कालिम्पोङका कृतज्ञ जनताले एउटा स्मारक, बीरताको पुण्य स्मृतिमा स्थापित गरिदिए ।

यो स्मारक अति परिश्रम लगाएर बनाइएको छ । यसमा धेरै प्रकारका चित्रहरू कोरिएका छन् । यो 'पार्क'-को आकार 'प्रिज्म' जस्तो छ तर टुप्पामा चुच्चो परेको छ ।

यो स्मारकमा संगमरमरको ढुङ्गामा यी शब्दहरू लेखिएका छन्—"कालिम्पोङ निवासी-हरूका हृदय पटमा सुरक्षित रहे झैं ता २१ अक्टोबर १९५९ को दिन हाम्रो लादाक क्षेत्रको सीमान्तरको-रक्षा गर्दा प्राण विसर्जन गर्ने कालिम्पोङका बीर पुत्रहरू (१) नबु लामा (२) हाङ्गजीत सुब्बा (३) नर्बु छिरीङ्ग—बीरताको पुण्य स्मृतिमा सधैंको लागि स्थापित छ ।" यो बीरताको पुण्य स्मृति मानो औं साधारण भएता पनि हाम्रा कालिम्पोङका बासिन्दाहरूले कहिले बिर्सन सक्नेछैनन् भन्ने मैले आशा राखेको छु, वर्षको दुइ पल्ट अर्थात् १५ अगस्त र २६ जनवरी यहाँ मानिसहरू श्रद्धाञ्जलि चढ़ाउने गर्दछन् ।

आशा राखेको छु जब तिमी कालिम्पोङ आउनेछौ तब यो बीरताको पुण्य स्मृति जो थाना डाँड़ाको दाहिनेपट्टि छ, देख्नेछौ ।

कालिम्पोङमा अरू स्मारकहरू पनि छन् ।

यो पत्रमा बिराम त धेरै नै छ तरै पनि यो पत्रको बिराम सुधारी पठ्ठिदिए धन्यबादी हुने थिएँ ।

प्यार गरेर सधै
तिमीलाई सम्झने साथी,
नथानिएल सुब्बा,
आठौं श्रेणी

★

यो जीवनः त्यो भेंट

रूएल छिरीङ तामङ,
बाह्रौं श्रेणी (कला)

प्रभातमा गाएको गीत
बढ्दै गएको कोलाहलबाट
पक्षीले लुकाएका छन्;
अप्राप्ति र अशान्ति सम्हालेर
कति हृदय हाँसेका छन्,
यो दिनमा
कति शुष्क नयनहरू
शून्यतामा बाँचेका छन् ।
साँझमा—

नभको सँघारमा चन्द्र उदाए झैं
हृदयको भूमिमा कल्पना उदाऊँछ,
आफ्नै भावनाको परिधि भरि
मनले मिठास खोजेको हुन्छ;
हुरी र झरीका सम्झनाले
नयन
आँसुको तलाउ बनेको हुन्छ ।
यसरी

श्रेष्ठ जीवन बेअर्थ बन्छ—
सुखमा फुल्ने पुष्प झैं
बेफिक्र उड्ने पक्षी झैं
किनकि,
फिक्री सबैको ईश्वर गर्छ;
प्रेम ईश्वरको बुझ्न सके
जीवनको बेरलै अर्थ बन्छ ॥

हार नखाऊ

कर्मा छिरिङ भोटिया
नवौं श्रेणी (क विभाग)

हार खाएर नबसौं हामी,
कोशिष गरौं अब हामी,
गर्न थालौं अब अध्ययन,
पाउने छौं बिजय हामी ।१।

नलागौं यी युगका शृङ्गारमा
लागौं हामी अब पढ्नमा,
तन, मन, धन सबै सुम्पेर,
पढ्न थालौं हामी अब बसेर ।२।

बढ्ने छौं हामी उमेरमा
हामी बढ्ने छौं साथै बुद्धिमा,
हुनेछौं हामी महान् व्यक्ति
र गरौं हामी आफ्नो देशको भक्ति ।३।

त्यसै बसी समय नफालौं
हाम्रो मनलाई त्यसै नमारौं
हार नखाई पढ्न बसौं
औ बिजयी हामी बनौं ।४।

त्यो जीवन फर्केला ?

शरण सुब्बा,
भूतपूर्व छात्र

—उल्लास भरिएको त्यो विशाल आँगनमा मेरो सुनौलो जीवन...तर उफ् ! त्यो कस्तो छटपटाई लो चार दिवारभित्र । म मुसुक हाँस्थे उपहासको हाँसो, कसैले विद्यार्थी जीवन त सुनौलो जीवन भन्दा । विद्यार्थी जीवन कति भयानक छ, दिन-रात पढ्नुपर्छ, गुरुबा-गुरुमाको पिटाइ सहनुपर्छ, अनि परीक्षाहरू संग डराउनु र चिन्तित बन्नुपर्छ । यसरी म मन-मनै सोच्ने गर्थें । आफुभित्र त्यो जीवनलाई जकड़ाउँथे । आह...! म अत्यन्त खुशी भएको थिएँ एघारौं श्रेणी आइपुगे पछि । घाम-पानी हुँदै बित्दै गए त्यो अन्तिम खुड़किलो पनि त्यो वर्षको अन्तमा । तर मलाई कस्तो-कस्तो पनि लाग्न थाल्यो । अब यो विद्यार्थी जीवन शायद नपाउँला जीवन भर । सेतो कमीज र कालो पेन्ट सुरूवाल पहिराउन नपाउँला...। नराम्रो लाग्न थाल्यो मनभित्र । उफ्। एकदिन हामीले पाठशालादेखि विदा लियौं...। हो... अनन्त...को...विदा...! साथीहरू छरपुष्टिए... ! मलाई नरमाइलो लाग्यो । मन घोंच्यो । अब त मेरो विद्या मन्दिरदेखि विछोड़ भएको पनि तीन वर्ष भइसक्यो । अचेल याद आउँदैछ ती विगत दिनहरू । त्यो मेरो छटपटाईहरू, उपहासको हाँसोहरू...अनि स्कूल भागेका उट्पटथाङ्गहरू । सानो छँदा साथीहरूसंग कुश्ती लड़ाई खेलेको, लूकी-चोरी खेलेको, ड़्याउँ-ड़्याउँ खेलेको, गोली (टेनिस) खेलेको, खजुरको रूखमा ढुङ्गाहरू हानेको, परको कटुसको रूखहरू मुनि कटुस खोजेको, दोकानहरूमा ललिपप, पाला मिठाई किनेर खाएको, गुरुबाहरूले पिटनु भएको, परीक्षाहरूमा उत्तीर्ण भए पछि खुशी भएर उफ्रेको, एस० यू० एम० आई० भन्दै आफ्नो स्कूलको पक्षलाई 'चियरअप' दिँदै भकुण्डो खेल्ने हाम्रा दाज्यूहरूलाई उत्साह दिएका दिनहरू । आज एउटा सुन्दर सपना जस्तो लाग्छ । कलेजको चैन ता उच्छृंखलता हो, स्कूलको चैनमा केही अनुशासन छ । स्कूल भन्दा कलेज ठूलो हो तर स्कूलको सानो इयालबाट चियाएको हो किनभने स्कूल बिना कलेजको निर्माण हुन असम्भव छ ।

म विचार गर्छु पाठशालादेखि टाढ़ा भए पछिको मेरो जिन्दगीका बँचाइहरू । मलाई थाहा हुँदैछ विद्यार्थी जीवन एउटा सुनौलो जीवन हो । साँच्चै त्यो जीवन कति रमाइलो थियो तर किन मलाई छात्रावस्थामा त्यो जीवन मन परेन । पश्चात्तापको आँसु मभित्र छचल्किन्छ । भूल गरेछु मेरो अहोभाग्य बिर्सेर । मेरो विद्या भवनप्रति अमिट माया छ, स्मृतिको छाप छ । एउटा साइनो छ म एस० यू० एम० आई० को भूतपूर्व छात्र हुँ—आजीवन—मृत्यु-पर्यन्त ।

उल्लास भरिएको त्यो विशाल आँगनमा मेरो सुनौलो जीवन तर....अब त त्यो जीवन फर्केला ?

मनको बाढ़ी

हरिनंद शुजेल,
नवौं श्रेणी (क)।

आयो उर्ली उर्ली,
मनको बाढ़ी ।
खोला-नाला पतझड़,
साना-ठूला भरी खाड़ी ।।

नजर लाउँछु पश्चिमी देशमा,
बढ़ेका छन् लागी उन्नति पथमा ।
परिपक्व छन् सारा धरती भरमा,
ऐक्य, रौनक, मेधावी छ तिनमा ।।

संत्रास छ तनमा,
उद्विजन पड़कन्छ मनमा ।
र पनि देखाउँछु सहिष्णुता यहाँ,
अज्ञात बाढ़ी चल्छ अझै हृदयमा ।।

अब फिराउँछु नजर स्वदेशमा,
सब बसेका छन् अन्धकारमा ।
फिजाउँछन् अरूले प्रपंच यहाँ,
चन्द्रोदयको कविता हरायो कहाँ ।।

यी सब एकसाथ मिली,
आतंकसाथ आउँछ उही बाढ़ी ।
रोक्ने कोशिश गर्छु अवनीतल थुपारी,
तर चलीनै रहन्छ भिषण महामारी ।।

मेरो तर्क-वितर्क

चन्दन कुमार दाहाल,
बाह्रौं श्रेणी (कला)।

मातृभाषा अध्ययन गर्दा,
साहित्यमा पूर्खाको रगत पसिना देख्छु ।
म पनि रगत बहाउँछु भन्दा;
म आफैलाई पाश्चात्यमा ढल्केको देख्छु ।।

अवहेलना गर्ने जातित्वका,
सब सँग सामेल म पनि एक छु ।
सजाय दिने यदि विचार छ जसको;
म बबुरो पनि आज एक छु ।।

बोलककाल देखि आजसम्म,
साहित्य नेपालीको रोएको देखें ।
त्यहाँदेखि आज यहाँसम्म;
हामीले जातित्व भुल्दै गरेको देखें ।।

जब साहित्य प्रति जोश आउँछ मनमा;
म एक साहित्यिक झैं अनेक तर्क गर्छु ।
जब साहित्य विलिन हुन्छ यो मनमा;
म एक दोषी झैं, मेरो शीर झुकाउँछु ।।

भन्छ यो मन आज मेरो,
दोष छैन केही आज तेरो ।
फेरि भन्छ, बन्द गर.....तर्क तेरो
तर्क बुझिदिने को छ मेरो ?

एउटा विचार

देव प्रकाश दर्नाल,
दशौं श्रेणी (ख)

खड्केरी परेको बिरुवालाई निरन्तर शीतल छायाँ, उज्यालो र पानीको आवश्यकता पर्छ । तर यस बिरुवालाई छायाँको सट्टामा प्रचुर मात्राको ताप, उज्यालोको सट्टामा निस्पष्ट अन्धकार छाए त्यो थोरै अवधिभित्रै ओइलिएर नष्ट हुन्छ ।

ईश्वरका सृष्टिहरूमध्ये मानवजातिको सर्वोच्च स्थान छ । यसर्थ मानिसले संसारमा केही न केही असल-असल प्रगति, अनि कामहरू गर्नु आवश्यक छ । यसैले ता आजको यो कलीयुगमा धेरैले आफ्नो उत्तरदायित्व असलसित बुझिकन प्रत्येक कार्यमा सफलता पाएको विरलै देखिन्छ । विश्वको उच्चशिखरमा पुगेता पनि चिरकाल सम्म त्यही स्थितिमा रहन असम्भव छ औ सक्दैन पनि कारण समयले पल्टाउँछ । मूल्यवान रत्न पनि समयानुकूलमा मूल्य घटेर जान्छ । साथै इतिहासको प्रत्येक पानाहरू जति पुरानो हुँदै जान्छन् उति नै इज्जत बढ्दै जान्छ । तर धन दौलत र शारीरिक शक्तिको इज्जत चाहिँ घटेर जान्छ । यसर्थ आजको यो कलीयुगमा दौलत र शारीरिक शक्तिमा घमण्ड देखाउनु मूर्खता हो । यसले मानिसलाई क्षणभर मात्र नचाउँछ तर साथ साथै शत्रु पनि उत्तिकै पैदा हुँदै जान्छ । विश्वमा यस्ता धेरै व्यक्तिहरू छन् जो आफ्नो कला र परिश्रममा बाँचेका छन् अनि पुस्तौंसम्म पनि बाँचि-रहनेछन् ।

गाइने

सुरेन्द्र कुमार प्रधान,
दशौं श्रेणी (क)

पहाड़ पर्वत खोला नाला तरेर
आएँ छातीको तातो रगतले ।
बीरहरूको बीरगाथा सदालाई साँचेर
संगीत रचें सारंगीको तारले ।

इतिहासको पाना पल्टाई हेर्छु
बलिन्द्र आँसुको नेत्रले ।
स्मृतिको पोल्टा फुकाउने गर्छु
तीन तारको बिचित्र संगीतले ।

सुन्दर तुहीन नेपालको मुकुट
हरियाली प्रकृति देख्दछु ।
म गाइनेको बाफिलो मुटु
सारंगीको तारले उन्दछु ।

राजा र भिक्षुकका ती गीत गाई
माग्दैछु म मृत्युको ढोकामा ।
सारंगी मेरो राखिदेऊ सजाई
बीरहरूको संसारमा ।

केही हर्षः केही अमर्ष

शुभ प्रधान,
नवम् श्रेणी (क)

यसरी एउटा पर्वले विदा लिन्छ—कतिलाई हँसाएर कतिलाई रुवाएर । विजया दशमीको लामो विदामा पाठशाला बन्द भएको हुनाले मैले पाठ्यतालिका राखी केही अध्ययन गर्ने उत्कण्ठा राखें । शीतकालीन मन्द-मन्द चिसो समीरले आगमन गरिसकेथ्यो । बाहिर आँगनभरी बिहानीको कलिलो सूर्यको किरण छरियो । म आँगन मैं चौकी लगी घाम ताप्दै पढ्नमा तल्लीन भएँ ।

दाज्यू....कसैको चिरपरिचित तर व्यथित स्वरले मेरो एकाग्रता भङ्ग गरिदियो । माथिल्लो गाउँको खुलाल दर्जीको छोरो हर्के अनुहारभरी विषादका छापहरू कोरेर झोलामा के हो कुन्नि बोकी ओहालो अस्पतालतिर झर्न लागेको रहेछ । "कता हिँड्यौ त हर्के ?" अनभिज्ञ मैले अनायासै सोधें । गम्भीर भई उ बोल्यो—"के गर्नु दाज्यू ! तल सरकारी अस्पतालमा बाबु बिमारी भएकोले लगेर राखेको आज सात दिन भइसक्यो । डाक्टर बाबुले डबल निमोनिया भएको छ भन्नुहुन्छ तर बिमार भने बीसको उन्नाइस भएको छैन । यति भनी उ निरुद्देश्य पारी क्षितिजतर्फ शून्य दृष्टिले हेर्न थाल्यो । सहानुभूति औ ढाढ़स दिँदै मैले भनें —"सुर्ता गर्नु पर्दैन भाई ! कस्तो-कस्तो बिमारहरू त जाती हुन्छ, चाँड़ै जाति हुनुहुनेछ ।" त्यसपछि उ मन्द गतिमा ओहालो लाग्यो ।

× × ×

दिनहरू व्यतीत हुँदै जान्छ—बेवास्ता कसैलाई नपर्खी । चारैतिर सयपत्री फक्रन्छ दीपावली डाकेर स्वर्गको सृजना गर्दै । ससाना पसलहरू पनि विभिन्न प्रकारका खिलौनाहरू, कागतका फूल, तथा यस्तै कतिपय बालप्रिय वस्तुहरूले सुसज्जित भई भरिन्छ । ससाना नानीहरूमा उल्लास, खुशियाली औ नव जीवन भरिएर आउँछ ।

लक्ष्मी पूजाको रमाइलो साँझ...। सारा घर-घरमा बालिएका मैन बत्तीहरूले सारा गगनका ताराहरू नै पृथ्वीमा झुल्केको झैं प्रतीत गराउँछ । चारैतिर पटेकाहरू पड़्कन्छ—एउटा अवर्णनीय, उल्लासित वातावरणको सृजना गर्दै । तर .....।

